गण्डकी प्रदेश सरकार
# स्वास्थ्य मन्त्रालय
पोखरा, कास्की, नेपाल

☎ : ०६१-५३५०९५
📠 : ०६१-५३५०५६

## Rasuwa Flood Response Update #01

**मितिः २०८३/०५/१३, समय साँझ ०५:०० बजे**

### १. घटनाको विवरण

मिति २०८३ साल भदौ १० गते भोटेकोशी, त्रिशुली एवम् नारायणी नदीमा आएको बाढीका कारण भएको जनधनको क्षती तथा थप घट्न सक्ने सम्भावित घटनाका लागी स्वास्थ्य मन्त्रालय, प्रादेशिक स्वास्थ्य आपतकालीन एवं सूचना तथा सञ्चार केन्द्रद्वारा तत्काल आपतकालीन स्वास्थ्य प्रतिकार्य सुरु गरी निम्न क्रियाकलापहरु गरिएको छ।

### २. प्रतिकार्य क्रियाकलाप

**१० भाद्र २०८३ (२६ अगस्ट, २०२६), बुधवार**

- ✓ **बिहान ९:३०** | SORMAS प्रणालीमार्फत रसुवा जिल्लाको भोटेकोशी बाढी घटना सम्बन्धी विवरण पहिचान तथा प्रमाणीकरण गरी अवस्थाको अनुगमन र प्रतिक्रिया पूर्वतयारी सुरु गरिएको।
- ✓ **बिहान १०:००** | घटनाको जानकारी प्रदेश सचिव तथा प्रदेश इन्सिडेन्ट कमान्डर डा. युवानिधि बसौलालाई गराईएको।
- ✓ **बिहान ११:००** | प्रदेश अस्पताल, गोरखा, लमजुङ र तनहुँ अस्पताललाई सम्भावित आपतकालीन प्रतिक्रियाका लागि द्रुत चिकित्सा परिचालन टोली (EMDT) र आवश्यक मेडिकल सामग्रीहरू तयारी अवस्थामा राख्न र समन्वय कायम राख्न अनुरोध गर्दै पूर्वतयारी तथा प्रतिक्रिया सम्बन्धी सूचना जारी गरिएको।
- ✓ **बिहान ११:३०** | गोरखा, लमजुङ र तनहुँका स्वास्थ्य संस्थाहरूलाई आवश्यक परेमा तुरुन्त परिचालनका लागि द्रुत प्रतिक्रिया टोली (RRT), आवश्यक स्वास्थ्यकर्मी, औषधि र मेडिकल सामग्रीहरू तयारी अवस्थामा (standby) राख्न अनुरोध गर्दै सूचना जारी गरिएको।
- ✓ **दिउँसो १:३०** | प्रादेशिक द्रुत प्रतिकार्य समिति (PRRC) को बैठक आह्वान गर्ने योजना बनाई सम्बन्धित सम्पूर्ण समिति सदस्यहरूलाई जानकारी गराइएको।
- ✓ **दिउँसो २:३०** | स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका अतिरिक्त प्रदेश सचिवको अध्यक्षता तथा प्रदेश स्वास्थ्य सचिवको विशेष उपस्थितिमा प्रादेशिक द्रुत प्रतिकार्य समिति (PRRC) को बैठक सम्पन्न भयो।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
पोखरा, कास्की, नेपाल
☎ : ०६१-५३५०९५
📠 : ०६१-५३५०५६

गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय पोखरा, नेपाल

## Rasuwa Flood Response Update #01

***प्रादेशिक द्रुत प्रतिकार्य समिति (PRRC) बैठकका निर्णयहरू:***

- गण्डकी प्रदेशका RRT/EMT र हब-स्याटेलाइट नेटवर्कलाई सम्भावित प्राकृतिक विपद् तथा महामारीको प्रतिक्रियाका लागि तयारी अवस्थामा रहन निर्देशन दिने।
- प्रादेशिक द्रुत प्रतिकार्य समिति (PRRT) का अद्यावधिक गरी गठन गर्ने।
- प्रदेश भित्रका निजी मेडिकल कलेजहरूलाई विपद्बाट हुने घाइते तथा बिरामीहरूको उपचार र व्यवस्थापनका लागि तयार रहन निर्देशन दिने।
- विपद् तथा महामारी प्रतिकर्यको लागि आवश्यक पर्ने औषधी र अन्य अत्यावश्यक सामग्रीहरूको खरिद तथा व्यवस्थापन गर्न आवश्यकता अनुसार प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई अनुरोध गर्ने।
- जापानी इन्सेफलाइटिस लगायत खोपद्वारा रोकथाम गर्न सकिने रोगहरूको अवस्थाबारे WHO- IPD बाट साप्ताहिक अपडेट गर्न अनुरोध गर्ने।
- उपयुक्त विपद् व्यवस्थापन सम्बन्धी विषयहरू र अन्य उब्जिने समस्याहरूका सम्बन्धमा आवश्यक निर्णय लिन र तत्काल प्रतिकार्यहरु अघि बढाउन प्रादेशिक द्रुत प्रतिकार्य टोली (PRRT) लाई निर्देशन दिने।
- HEOC, मन्त्रालय, नेपाल प्रहरी, PAHS/WRH र अन्य सम्बन्धित निकायहरू बीच सूचना आदानप्रदान र समन्वय सहज बनाउन स्वास्थ्य मन्त्रालयले Whatsapp ग्रुप सिर्जना गर्ने।

## ११ भाद्र २०८३ (२७ अगस्ट, २०२६), विहीवार

✓ **बिहान १०:००** | प्रादेशिक द्रुत प्रतिकार्य समिति (PRRT) बैठक सम्पन्न भयो।

***प्रादेशिक द्रुत प्रतिक्रिया टोली (PRRT) बैठकका निर्णयहरू:***

- शव व्यवस्थापनमा आउन सक्ने चुनौतीहरूलाई ध्यानमा राख्दै शव व्यवस्थापनका लागि योजना तर्जुमा गरी कार्यन्वयन गर्ने।
- पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल (PAHS/WRH) ले हब अस्पताल र शव प्राप्त गर्ने प्रारम्भिक निकायको रूपमा नेतृत्व लिने र अन्य अस्पतालहरूलाई सहयोगका लागि स्ट्यान्डबाई राख्ने।
- HEOC, मन्त्रालय, नेपाल प्रहरी, PAHS/WRH र अन्य सम्बन्धित निकायहरू बीच सूचना आदानप्रदान र समन्वय सहज बनाउन PHEOC ले PAHS, WRH सँग निरन्तर सञ्चार र समन्वय कायम राख्ने।

☎ : ०६१-५३५०९५
📠 : ०६१-५३५०५६

गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय पोखरा, नेपाल

**Rasuwa Flood Response Update #01**

- सबै सरकारी तथा निजी अस्पतालहरूको सूची तयार गर्ने र शव गृह तथा फ्रिजरको क्षमता, उपलब्ध/खाली फ्रिजर स्पेसको सङ्ख्या र फरेन्सिक तथा मेडिको-लिगल (Medico-legal) सेवामा तालिमप्राप्त डाक्टरहरूको सङ्ख्या सम्बन्धी जानकारी नियमित अद्यावधिक गर्ने।
- शव राख्ने झोला (dead body bags) पठाउने व्यवस्था मिलाउन प्रादेशिक स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रलाई अनुरोध गर्ने। (११७ शव झोला मध्यविन्दु प्रादेशिक अस्पताल नवलपरासी र ११७ शव झोला पश्चिमाञ्चल क्षेत्रिय अस्पताल पोखरा तथा ५० शव झोला नेपाली सेनाको पश्चिम पृतनालाई उपलब्ध गराइएको)
- सम्बन्धित सरोकारवालाहरू बीच प्रभावकारी सञ्चार, सूचना आदानप्रदान र समन्वयलाई सहज बनाउन सिर्जना गरिएको समन्वय तथा सञ्चार समूहमा प्रादेशिक द्रुत प्रतिकार्य समितिबाट स्थापित Whatsapp समूहमा द्रुत प्रतिकार्य टोलीका सदस्य लगायतलाई समावेश गरी थप व्यवस्थित बनाउने।

✓ **दिउँसो २:३०** | प्राप्त भएका कुल शवहरूको सङ्ख्या र अन्यत्र रिफर/स्थानान्तरण गर्नुपर्ने शवहरूको तथ्याङ्क संकलन गरी Dead Body Management Tracker बनाई सम्बन्धित सरोकारवाला सबैलाई एकिकृत तथ्याङ्क सेयर गरियो।

## १२ भाद्र २०८३ (२८ अगस्ट, २०२६), शुक्रवार

✓ **बिहान १०:३०** | वर्तमान अवस्थाको अद्यावधिक जानकारी र सुचना संकलन गरिएको।

✓ **बिहान ११:००** | शव व्यवस्थापनको वर्तमान स्थिति र पूर्वतयारीको मूल्याङ्कन गर्न पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको अवलोकन तथा संयुक्त बैठक गरिएको।

✓ **दिउँसो १२:००** | प्रादेशिक द्रुत प्रतिकार्य समितिद्वारा प्रादेशिक रोग नियन्त्रण केन्द्र (PCDC) को परिसरमा रहेको स्थानमा शव ब्यबस्थापन गर्न सकिने सम्भाब्यता अध्ययन गरिएको।

✓ **दिउँसो १२:००** | गण्डकी प्रदेश अन्तर्गतका विभिन्न अस्पतालहरूमा रहेका मृतकहरूको शव आफन्तमार्फत आ-आफनो स्थानमा सुरक्षित तथा व्यवस्थित रूपमा व्यवस्थापनका लागि शव वाहन (Mortuary Van) को पहिचान र सम्भावित परिचालनका सम्बन्धमा नेपाल रेडक्रस सोसाइटी, धौलागिरि प्रादेशिक अस्पताल बागलुङ र प्रदेश अस्पताल लमजुङसँग समन्वय गरी आवश्यक तयारीको लागि पत्राचार गरिएको।

✓ **दिउँसो ३:००** | प्रदेश स्वास्थ्य सचिव सहितको प्रादेशिक द्रुत प्रतिकार्य समितिका अध्यक्ष तथा सदस्यहरुद्वारा पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा अस्पतालको प्रशासन तथा सुरक्षाकर्मीसँग बैठक बसी शव पहिचान तथा

: ०६१-५३५०९५
: ०६१-५३५०५६

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
पोखरा, नेपाल

**Rasuwa Flood Response Update #01**

हस्तान्तरण कार्यमा सहजिकरणको लागी पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा एकीकृत सहयोगी कक्ष (Help Desk) स्थापना गर्ने सम्बन्धमा छलफल गरिएको ।

✓ **दिउँसो ४:००** | सुरक्षाकर्मी, स्वास्थ्य मन्त्रालय र जनस्वास्थ्य केन्द्रका टोली मार्फत पोखरामा अवस्थीत तरकारी चिस्यान केन्द्रहरुको अवलोकन गरी शव व्यबस्थापनको सम्भावना अध्ययन गरिएको ।

✓ **दिउँसो ५:००** | प्रादेशिक जनस्वास्थ्य केन्द्रमा रहेको walk in cooler मा २ देखि ८ डिग्री सेल्सियस तापक्रम नियन्त्रण हुने गरी मर्मत गरी WRH को व्यवस्थापनमा हुने गरी व्यवस्था मिलाइएको ।

**२०८३, भाद्र १२ गतेसम्म गण्डकी प्रदेश भित्रका अस्पतालहरुमा रहेका शवहरुको तथ्याङ्क**

| District | Hospital / Facility | Total freezer capacity | Available Freezer Capacity | Occupied - FLOOD cases | AVAILABLE NOW |
|---|---|---|---|---|---|
| Kaski | Fishtail Hospital | 2 | 2 | **0** | **2** |
| Kaski | Pokhara University Hospital | 2 | 2 | **0** | **2** |
| Kaski | Charak Memorial Hospital | 2 | 2 | **0** | **2** |
| Tanahun | Province Hospital Damauli | 5 | 5 | **8** | **-3** |
| Tanahun | GP Koirala National Centre for Respiratory Disease | 4 | 4 | **0** | **4** |
| Nawalpur | Province Hospital Madhyabindu | 1 | 1 | **41** | **0** |
| Kaski | Manipal Teaching Hospital | 8 | 8 | **9** | **-1** |
| Gorkha | NPI Gorkha | 2 | 2 | **4** | **-2** |
| Gorkha | Province Hospital Gorkha | 10 | 10 | **29** | **0** |
| Lamjung | Province Hospital Lamjung | 4 | 4 | **0** | **4** |
| Parbat | Province Hospital Parbat | 2 | 2 | **0** | **2** |
| Myagdi | Province Hospital Myagdi, Beni | 2 | 2 | **0** | **2** |

गण्डकी प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

पोखरा, कास्की, नेपाल

☎ : ०६१-५३५०९५
📠 : ०६१-५३५०५६

## Rasuwa Flood Response Update #01

| District | Hospital / Facility | Total freezer capacity | Available Freezer Capacity | Occupied - FLOOD cases | AVAILABLE NOW |
|---|---|---|---|---|---|
| Kaski | Western Regional Hospital | 72 | 50 | **93** | **-43** |
| Baglung | Province Dhaulagiri Hospital | 4 | 4 | **0** | **4** |
| Kaski | Army Hospital | 4 | 4 | **0** | **4** |
| Nawalpur | Gaindakot Nagar Hospital | 0 | 0 | **45** | **0** |
| | Total | 124 | 102 | 229 | |

### १३ भाद्र २०८३ (२९ अगस्ट, २०२६), शनिवार

✓ **बिहान ०६:००** | मध्यविन्दु प्रादेशिक अस्पताल, नवलपरासी (व.सु.पू.) मा रहेका शव परीक्षण तथा व्यवस्थापनका लागि आवश्यक सामग्री सहित स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश सचिव डा. युवानिधि बसौला मध्यविन्दु प्रादेशिक अस्पताल, नवलपरासी (व.सु.पू.) ~~(व.सु.पू.)~~ तर्फ प्रस्थान गर्नुभएको ।

✓ **बिहान ०७:००** | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा शव पहिचान तथा हस्तान्तरण कार्यमा सहजिकरणको लागी मन्त्रालय र प्रादेशिक केन्द्रका मनोविज्ञ, मनो-सामाजिक परामर्शकर्ता, स्वास्थ्य प्राविधिक तथा कर्मचारी एवं कोपिला नेपाल, कोशिश नेपाल, सामी लगायतका संघ-संस्थाबाट मनोविद, मनोसामाजिक परामर्शकर्ता सहितको टोली खटाई पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा एकीकृत सहयोगी कक्ष (Help Desk) स्थापना गरी संचालनमा ल्याइएको ।

✓ **बिहान ०९:००** | धौलागिरी प्रादेशिक अस्पताल, बागलुङ, प्रदेश अस्पताल, लमजुङ, प्रादेशिक जनरल तथा सरूवा रोग अस्पताल, कास्की, सिद्धार्थ क्लब, पोखरा र परोपकार संस्थाबाट गरी कुल ५ वटा शब बाहन व्यवस्थापन गरिएको ।

✓ **बिहान ११:००** | जिल्ला प्रशासन कार्यालय, कास्कीमा प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख, सशस्त्र प्रहरी प्रमुख, प्रादेशिक जनस्वास्थ्य केन्द्र प्रमुख, मन्त्रालयको चिकित्सा सेवा महाशाखा प्रमुख लगायतको उपस्थितिमा शव व्यवस्थापनका लागि कन्टेनरको व्यवस्था गरी शव राख्ने सम्भावना, आफन्तसँग शव दिइ पठाउनका लागि आइसको उपलब्धता, शव बाहनको उपलब्धता लगायतका विषयमा छलफल गरिएको ।

गण्डकी प्रदेश सरकार
# स्वास्थ्य मन्त्रालय
पोखरा, कास्की, नेपाल

☎ : ०६१-५३५०९५
📠 : ०६१-५३५०५६

गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय पोखरा, नेपाल

## Rasuwa Flood Response Update #01

✓ **दिनको १२:००** | मन्त्रालय र मन्त्रालय मातहतका निकायबाट शव व्यवस्थापनका लागि देहाय बमोजिम स्वास्थ्य स्वास्थ्य सामग्री लगायतका सामग्री उपलब्ध गराइएको ।

- प्रादेशिक जनरल तथा सरूवा रोग अस्पताल, कास्कीका तर्फबाट मध्यविन्दु प्रादेशिक अस्पताल, नवलपरासी (व.सु.पू.) मा PPE कुल २७० थान, बुट १५ जोडी, मास्क ५०० थान पठाइएको ।
- प्रादेशिक रोग नियन्त्रण केन्द्र, कास्कीका तर्फबाट मध्यविन्दु प्रादेशिक अस्पताल, नवलपरासी (व.सु.पू.) मा Falcon Tube १०० थान उपलब्ध गराइएको ।
- प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, कास्कीका तर्फबाट मध्यविन्दु प्रादेशिक अस्पताल, नवलपरासी (व.सु.पू.) मा Dead Body Bag २७४ थान, PPE ६० थान, मास्क २००० थान, पन्जा ३०० थान, सर्जिकल ग्लोब्स ५०० थान उपलब्ध गराइएको । त्यसैगरी, प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, कास्कीकै तर्फबाट पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, कास्कीमा Dead Body Bag ११७ थान, पन्जा ५०० थान, सर्जिकल ग्लोब्स ३००० थान, बुट १० जोडी र मास्क १०,००० थान उपलब्ध गराइएको ।
- प्रादेशिक जनस्वास्थ्य केन्द्र, कास्कीका तर्फबाट तपसिल बमोजिम पठाइएको ।
  - उद्धारका लागि नेपाली सेनालाई ७१ थान Dead Body Bag उपलब्ध गराइएको ।
  - पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, कास्कीलाई १० जोडी गम बुट, २ कार्टुन पानी, ३ थान रजिष्टर, ११ थान Dead Body Bag उपलब्ध गराइएको ।
  - मध्यविन्दु प्रादेशिक अस्पताल, नवलपरासी (व.सु.पू.) मा शव व्यवस्थापनका लागि ८०० थान मास्क, १०५ थान PPE उपलब्ध गराइएको ।

✓ **दिनको ०१:००** | नेपाल मणिपाल शिक्षण अस्पताल, पोखराबाट मध्यविन्दु प्रादेशिक अस्पताल, नवलपरासी (व.सु.पू.) मा शव परीक्षणका लागि फरेन्सिक विज्ञ पठाउन अनुरोध गरिएको । सो बमोजिम उक्त अस्पतालबाट फरेन्सिक विज्ञ नवलपरासी (व.सु.पू.) प्रस्थान गर्नुभएको । त्यसैगरी, पाटन स्वास्थ्य प्रतिष्ठान, ललितपुरलाई मध्यविन्दु प्रादेशिक अस्पताल, नवलपरासी (व.सु.पू.) मा ३ जना फरेन्सिक विज्ञ उपलब्ध गराइदिनका लागि अनुरोध गरिएको ।

Website : moh.gandaki.gov.np
E-mail: mohp.gandaki@gmail.com/pokharapheoc@gmail.com

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
पोखरा, कास्की, नेपाल

☎ : ०६१-५३५०९५
: ०६१-५३५०५६

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
पोखरा, नेपाल

## Rasuwa Flood Response Update #01

- ✓ **दिनको ०१:३०** | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, कास्कीमा रहेको फरेन्सिक मेडिसिन विभागमा रहेका शवहरूको व्यवस्थापनका लागि आवश्यक फर्मालिन, फोनोल, प्लास्टिक, आइस पठाइएको।
- ✓ **दिनको ०२:००** | शव परीक्षण र आवश्यक प्रशासनिक कार्य सम्पन्न भए पश्चात घर-परिवारलाई शव हस्तान्तरण गर्ने कार्यमा आवश्यक सहयोग, सहजीकरण तथा सहकार्य गर्नका लागि नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल रेडक्रस सोसाइटी, परोपकार, सिद्धार्थ क्लब, अन्तर्राष्ट्रिय नेपाली युवा उधमी महासंघ (The Federation of International Nepali Youth Entrepreneurs-FINYE) लगायतका सहयोगी संघ-संस्थासँग बैठक गरिएको।

............................
(डा. रोशन ढकाल)
स्वास्थ्य प्रशासक